# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

नेपाल विद्युत प्राधिकरण नेपालगञ्ज वितरण केन्द्र, नेपालगञ्ज, बाँकेमा कार्यरत ईलेक्ट्रिकल ईन्जिनियर निसार अहमद खान, सुपरभाईजर बिक्रान्त शुक्ला र सोही कार्यालयमा कार्यालय सहयोगीको रुपमा काम गर्दै आएका गिरवललाल धोवीले विद्युत मिटर नामसारी/नयाँ जडान गर्ने प्रयोजनका लागि घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोहलपुरबाट खटिइ गएको टोलीले सुपरभाईजर बिक्रान्त सुक्लालाई कार्यालय सहयोगी गिरवललाल धोवी मार्फत रु.१५,०००।-(पन्ध्र हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा ईलेक्ट्रिकल ईन्जिनियर निसार अहमद खान र सुपरभाईजर बिक्रान्त शुक्लाले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई बिगो रु.१५,०००।- (पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन तथा कार्यालय सहयोगी गिरवललाल धोवीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसूरमा बिगो रु.१५,०००।-(पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) अनुसार हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता